हाम्रा विधायक

# ‘नागरिकको आवश्यकता बुझेर काम गर्छु’

जनार्जन खत्री
*सर्लाही, चैत १९ गते*

युवा उमेरका रविन महतो पहिलो पटकमै सर्लाही क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभयो।

सर्लाही क्षेत्र नं. २ बाट आलोपालो चुनाव जित्दै आउनुभएका मधेशका पुराना नेता महेन्द्रराय यादव र राजेन्द्र महतोलाई यस पटकको प्रतिनिधि सभाको निर्वाचनमा भारी मतान्तरले पराजित गर्दै उहाँले संसदीय यात्रा तय गर्नुभएको हो।

प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका महतोले ४२ हजार ५१२ मत प्राप्त गर्नुभयो। उहाँका निकटतम प्रतिस्पर्धी एवं निवर्तमान प्रतिनिधि सभा सदस्यसमेत रहेका नेपाली कम्युनिस्ट पार्टीका नेता महेन्द्रराय यादवले आठ हजार ५२३ मत प्राप्त गर्नुभयो। निर्वाचनमा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले पाँच हजार ९९२ मत प्राप्त गर्नुभयो।

सर्लाही–२ मा यो पटक पनि पुराना दुई प्रतिस्पर्धी महेन्द्र राय यादव र राजेन्द्र महतोबिच नै कडा प्रतिस्पर्धा हुने आकलनका बिच रास्वपाका प्रतिनिधि सभा सदस्य महतो भारी मतान्तरसहित निर्वाचित हुनुभयो। चुनावी नतिजापछि दुई चर्चित अनुहार ‘गुमनाम’ बन्दा महतो भने चर्चामा आउनुभएको छ।

छ पटक मन्त्री बनेका यादव र पाँच पटक मन्त्री बनेका राजेन्द्र महतोलाई पराजित गर्दै रविन महतो प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको हो। महतोले नागरिकको आवश्यकता अनुसार काम गर्ने बताउनुभएको छ। सर्लाही–२ मा सुशासन कायम गर्नु नै आफ्नो पहिलो प्राथमिकता हुने प्रतिनिधि सभा सदस्य महतोको भनाइ छ।



**सङ्क्षिप्त चिनारी**

**नाम : रविन महतो**
**जन्मस्थान : कबिलासी नगरपालिका–१०, सलेमपुर**
**निर्वाचन क्षेत्र : सर्लाही–२**
**उमेर : ३८ वर्ष**
**शिक्षा : प्रमाणपत्र तह**
**राजनीतिक दल : राष्ट्रिय स्वतन्त्र पार्टी**
**प्राप्त मत : ४२ हजार ५१२**

प्रतिनिधि सभा सदस्य महतोले भन्नुभयो, “जनताले परिवर्तनको पक्षमा मतदान गरेर मलाई निर्वाचित गराएका हुन्।”

देशले नै परिवर्तन चाहेका बेला सर्लाही–२ का नागरिकले पनि सोही अनुसार अभिमत व्यक्त गर्दा आफूखुसी भएको महतोको भनाइ छ। फागुन २१ गतेको चुनावले सर्लाही–२ का नागरिक पनि अब शोषण, अत्याचार र अनियमितताका विरुद्धमा उभिन्छन् भन्ने कुराको पुष्टि गरेको उहाँले बताउनुभयो।

चुनावअघि सामाजिक कार्यमा सरिक हुँदै आउनुभएका उहाँले चुनावपछि पनि आफूले सामाजिक कार्यलाई निरन्तरता दिने बताउनुभयो। बेवारिसे बनेका सार्वजनिक पोखरीको सरसफाइ, फुत्रो भएर गिज्याइरहेको सीमावर्ती क्षेत्रको मुख्य नाकामा रहेका झन्डा फेर्ने र नागरिकका बस्तीमा पुगेर समस्या सुन्ने काम सुरु गरिसकेको महतोको भनाइ छ।

उहाँले आफूलाई राजनीतिकर्मी नभई परिवर्तन चाहने सामाजिक व्यक्तिका रूपमा चिनाउनुहुन्छ। आफू काम गर्न आएकाले काम दिन सर्लाही–२ का स्थानीयसँग आग्रह गर्नुभएको छ।

आफ्नो क्षेत्रमा कुनै पनि प्रकारको समस्या उत्पन्न हुनासाथ आफू तुरुन्त पुग्ने सांसद महतोको भनाइ छ। लामो समयदेखि छलकपट र अनेक प्रलोभनमा परेर शोषित भइरहेका नागरिक यो पटक परिवर्तनको पक्षमा उभिँदा असाध्य खुसी लागेको उहाँले बताउनुभयो।

निर्वाचित भएपछि शपथग्रहण, प्रतिनिधि सभाको बैठकलगायतमा सरिक हुन व्यस्त हुनुभएका महतोले अब निर्वाचन क्षेत्रमा आएर नागरिकका समस्या र गुनासो सुन्ने तथा त्यसलाई सम्बोधन गर्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, “नागरिकको काम गर्ने वाचा गरेर आएको छु, त्यसैले म अब कामतर्फ अग्रसर हुन्छु।” उहाँले यस क्षेत्रमा सिँचाइको समस्या, शिक्षा र स्वास्थ्यको दयनीय स्थिति, सडकको दुरवस्था र लागुऔषधको दुर्व्यसनी तथा ओसारपसार प्रमुख समस्याका रूपमा रहेको भन्दै यी समस्याको समाधान गर्न स्थानीय सरकारसँगको समन्वयमा अग्रसर हुने बताउनुभयो।

# बजेट कार्यान्वयन गराउन ध्यानाकर्षण

धनुषा समाचारदाता
*जनकपुरधाम, चैत १९ गते*

मधेश प्रदेश सभा सदस्यले प्रदेश सरकारले विनियोजन गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट समयमा कार्यान्वयन हुन नसकेको भन्दै कार्यान्वनका लागि ध्यानाकर्षण गराएका छन्। मधेश प्रदेश सभाको बिहीबार बसेको बैठकको शून्य र विशेष समयमा बोल्ने सभा सदस्यले यस्तो ध्यानाकर्षण गराएका हुन्।

जनमत पार्टीका प्रदेश सभा सदस्य चन्दन सिंहले सरकारले आफैँ विनियोजन गरेको बजेट कार्यान्वय गर्न ढिलो गरिरहेको भन्दै बजेट कार्यान्वयनमा जवाफदेही हुन प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले प्रदेश सरकार कोठे बैठकमा रमाउनुको सट्टा प्रदेश सभा सदस्यसँग छलफल गरी समस्याको निकास दिनुपर्नेमा जोड दिनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका प्रदेश सभा सदस्य रमिता प्रधानले आर्थिक मसान्तको नौ महिना बित्न लाग्दा पनि प्रदेशमा सोचे जति खर्च हुन नसकेको भन्दै रोकिएका योजना सञ्चालन गर्न प्रदेश सरकारसँग माग गर्नुभयो। जनता समाजवादी पार्टी नेपालका प्रदेश सभा सदस्य सुरिता साहले विनियोजित बजेटको कार्यान्वयनमा जोड दिँदै समयमा किसानको लागि मलखादको व्यवस्था गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो।

प्रतिपक्षी दल नेपाल कम्युनस्टि पार्टी (एमाले) का प्रदेश सभा सदस्य राजकुमार लेखीले आर्थिक मसान्त सम्पन्न हुन केही महिना मात्र बाँकी रहेको भन्दै अबको दुई महिनामा विकासका निर्माणको काम कसरी हुन्छ भन्दै प्रदेश सरकारसँग जवाफ माग गर्नुभयो। नेपाली कांग्रेसका प्रदेश सभा सदस्य कुमर कान्त झाले रेडक्रसको अधीनमा रहेको जनकपुरधाम स्थित आँखा अस्पताललाई रेडक्रसको अधीनबाट हटाउनुपर्ने भन्दै ध्यानाकर्षण गराउनुभयो।

# असिनापीडित किसानले मागे राहत

गौर समाचारदाता
*गौर, चैत १९ गते*

रौतहटको बौधीमाई नगरपालिकाका किसानले खेतमा लगाएको बालीमा असिनापानी र हावाहुरीका कारण व्यापक क्षति भएकाले राहत उपलब्ध गराइदिन सरकारसँग माग गरेका छन्।

तीन दिनअघि हवाहुरीसँगै आएको असिनापानीले यस क्षेत्रका किसानको खेतमा लगाइएको बालीनालीमा व्यापक क्षति पुऱ्याएकाले पीडित किसानले राहतको व्यवस्था मिलाउनुपर्ने माग गरेका हुन्। अथक परिश्रम एवं अत्यधिक खर्च गरेर लगाइएको बालीमा बेमौसमी असिना पानी र हावाहुरीले व्यापक क्षति पुऱ्याएपछि यस क्षेत्रका किसान पीडित भएका छन्।

बौधीमाई नगरपालिकाको सम्पूर्ण वडामा गहुँ, मकै, तोरी, मसुरो, तरकारी तथा आँप, केरा, लिची जस्ता फलफूल खेतीमा व्यापक क्षति भएपछि किसानको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको भन्दै बौद्धीमाई नगरपालिकाका नगरप्रमुख प्रदीप यादवले सङ्घ सरकारले किसानका लागि तत्काल राहतको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो।

# फार्मेसी सञ्चालकसहित चार जना पक्राउ

बर्दीबास समाचारदाता
*बर्दीबास, चैत १९ गते*

महोत्तरी र धनुषाको सीमामा पर्ने रातु पुल क्षेत्रबाट प्रहरीले ठुलो परिमाणमा लागुऔषधसहित चार जनालाई नियन्त्रणमा लिएको छ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दीबास र इलाका प्रहरी कार्यालय ढल्केबरको संयुक्त सुरक्षा टोलीले विशेष जाँचका क्रममा धनुषाको लालगढबाट बर्दीबासतर्फ पैदल आउँदै गरेका तीन जना युवालाई बुधबार राति ८ बजेतिर लागुऔषधसहित नियन्त्रणमा लिएको हो।

सिन्धुलीको दुधौली नगरपालिका–५, सिरथौली बस्ने करिब २० वर्षीय साजन परियार, २१ वर्षीय दोर्जे लामा र २० वर्षीय दिपेश साह पक्राउ परेका छन्। तलासीका क्रममा उनीहरूको साथबाट ट्यापेन्टा ट्याब्लेट ४० थान र स्पासरेस्ट ट्याब्लेट ४० थान फेला पारेको प्रहरीले जनाएको छ।

**Gramthan Rural Municipality**
Tetariya, Morang, Koshi Province
**BID Addendum**
Publication Date : 2082/12/20

Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the work as stated in table below.

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Re-marks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/ WORKS/14-082-083 | Shree Public Ma.Bi. Bhawan Nirman | 60,47,016.84 | 3,000.00 | 1,60,000.00 | |

**Bid Addendum Details** : BOQ has been Updated, ITB16.1 Bid Document Bid Security Fee has been Changed to 1,60,000,Total Estimated Amount Changed to 60,47,016.84 For More Details : https://bolpatra.gov.np/

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर
प्रकाशित मिति : २०८२।१२।२०
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस शाखाबाट मिति २०८२।१०।२२ मा हिमालय टाइम्स पत्रिकामा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: **http://www.bolpatra.gov.np/egp** मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये सारभूत रूपमा प्रभावग्राही भई न्यूनतम मूल्याङ्कित तपसिलमा उल्लिखित बोलपत्र दाता छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | कार्य विवरण | ठेक्का नं. | छनोट भएको बोलपत्र दाता | स्वीकृत रकम रु. (without Vat and PS) |
|---|---|---|---|---|
| 1. | Supply and Delivery of 15mm Dia AMR Compatible Volumetric type Water Meter. | 02/NWSCBRT/ GOODS/082/083 | Amrit Bani Super Supplier P.Ltd., Bharatpur, Chitwan, Nepal | 45,03,000.00 |

# लेखापढी व्यवसायी आन्दोलित
# नापी र मालपोतको सेवा प्रभावित

सर्लाही समाचारदाता
*सर्लाही, चैत १९ गते*

लेखापढी व्यवसायी आन्दोलित बनेपछि सर्लाहीको हरिवनस्थित नापी र मालपोत कार्यालयको सेवा बिहीबारदेखि प्रभावित बनेको छ। सरकारले लेखापढी व्यवसायीलाई कार्यालयभित्र प्रवेश गर्न नदिनु भनी परिपत्र गरेपछि हरिवनस्थित नापी र मालपोत कार्यालयले बिहीबारदेखि कार्यालयको गेटभित्र प्रवेश गर्न निषेध गरेसँगै लेखापढी व्यवसायी आन्दोलित बनेका हुन्। उनीहरू सटर बन्द गरेर सेवाग्राहीको काम नगरी बसेका छन्।

लेखापढी व्यवसायीले बाहिर बसेर कागजात तयार पार्ने तथा अनलाइनबाट हुने काम गर्ने गर्दै आइरहेका छन्। सरकारले आफूलाई बिचौलियाको सङ्ज्ञा दिँदै कार्यालय प्रवेशमै निषेध गरेपछि लेखापढी व्यवसायी ‘पेन डाउन’ गरेर काम नगरी बसेका हुन्। कार्यालयभित्र लेखापढी व्यवसायीलाई प्रवेश गर्न नदिनु भन्ने आशयको पत्र आएपछि मालपोत कार्यालय हरिवनले बिहीबार बिहान स्थानीय लेखापढी व्यवसायीसँग छलफल गरेर परिपत्रबारे जानकारी गराएको थियो। लेखापढी व्यवसायी सङ्घ हरिवनका पूर्वअध्यक्ष अकलबहादुर भण्डारीले दर्ता गरेर नेपाल सरकारलाई राजस्व बुझाएर काम गर्दा ‘बिचौलिया’ भन्नु दुःखद रहेको बताउनुभएको छ।

आफूहरूले नागरिकलाई दिएको कानुनी सेवा र सरकारको राजस्व बढाउन गरेको योगदानको अवमूल्यन गरिएको लेखापढी व्यवसायी भण्डारीको भनाइ छ। लेखापढी व्यवसायी कामकाज बन्द गरेर बसेपछि जग्गा राजीनामा, कित्ताकाटलगायत काम लिएर पुगेका सेवाग्राही काम नभएर रित्तोहात घर फर्कन बाध्य भएका छन्।

मालपोत कार्यालय हरिवनका प्रमुख उदयप्रसाद देवकोटाले विभागबाट प्राप्त परिपत्र कार्यान्वयन गर्दै कार्यालयभित्र प्रवेश गर्न रोक लगाइएको बताउनुभयो। अहिलेको व्यवस्था अनुसार बाहिर बस्ने लेखापढी व्यवसायीमार्फत नै लेखापढी र धेरैजसो अनलाइन इन्ट्रीको काम हुने हुँदा व्यवसायी आन्दोलित हुँदा कार्यालयको काममा प्रभाव परेको प्रमुख मालपोत अधिकृत देवकोटाले बताउनुभयो।

केही सेवाग्राहीको बैङ्क रोक्कासहित महत्त्वपूर्ण कामको अनलाइन इन्ट्री कार्यालय भित्रकै कर्मचारीले गरिदिए पनि अन्य काम बिहीबार दिनभर हुन नसकेको देवकोटाले बताउनुभयो। प्रमुख मालपोत अधिकृत देवकोटाले भन्नुभयो, “सबै सेवाग्राहीको अनलाइनमा गर्नुपर्ने इन्ट्रीका काम गर्न हामीसँग जनशक्ति पर्याप्त छैनन् तर सरकारले गरेको परिपत्र अवलम्बन गरेर अघि बढ्छौँ। लेखापढी व्यवसायी आन्दोलित भएपछि कामकाज रोकिन पुगेको विषयमा सरकारले थप केही निर्णय वा व्यवस्था गर्छ होला भन्ने लागेको छ।”

**Government of Karnali Province**
**Ministry of Land Management, Agriculture and Co-operative**
**Resilient High Value Agricultural Programme (R-HVAP),**
**Corridor Office, Jajarkot**
**Invitation for e-Bids:- 01/082/083**
**Date of publication: 2082/12/20 (April, 03, 2026)**

The Resilient High Value Agriculture Programme (R-HVAP), Corridor Office (CO) Jajarkot invites electronic bids from eligible bidders for the procurement of following goods under National Competitive Bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Description of Items IFB No. | Bid Document Fee | Last Date of Submission | Bid Opening Date | Bid Security Amount (NRs.) | Bid validity & Bid security validity period |
|---|---|---|---|---|---|---|
| 1 | RHVAP/COKJa/NCB/ GP/01/082/83 Procurement of Laptop, and Tablet. | NRs, 3,000.00 | 2083/01/20 (May 03, 2026) at 12:00 hrs. | 2083/01/20 (May 03, 2026) at 13:00 hrs. | 40,000.00 | 90 & 120 days respectively from bid opening date |

- Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Resilient High Value Agricultural Programme (R-HVAP), Corridor Office, Jajarkot (Contact No:+9779858051945) or may visit the e-procurement section of Public Procurement Monitoring Office's website https://bolpatra.gov.np/egp.

**Corridor Chief**

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**
**Head Office, General Service Department**
**Invitation for Electronic Bids**
**Invitation for Bids No. : NBL/NCB20/W082/83**
**Date of publication : 2082/12/20**

Nepal Bank Limited invites electronic bids from eligible bidders for **Civil Work for Maintenance and Painting Works of Pokhara Mall, Quarter, Office branch and Site Development Works** under National Competitive Bidding.

| Bids No. | Work Description | Last Date of Submission of Bid Document | Bid Opening Date, Time & Place | Tender Document Fee | Bid Deposit Amount | Bid Validity Period | Amount of Work with VAT |
|---|---|---|---|---|---|---|---|
| NBL/ NCB20/ W082/83 | Civil Work for Maintenance and Painting Works of Pokhara Mall, Quarter, Office branch and Site Development Works | 2083-01-20 11:00 AM | *2083-01-20,* 12:00 PM HO, GSD | 3,000.00 | 1,10,000.00 | 120 days | 42,47,443.02 |

**Information to deposit the fee & bid deposit amount in Bank:**
**Name of the Bank :** Nepal Bank Limited
**Name of Office :** Kathmandu Banking Office, Bhugolpark, Kathmandu
**Account No.:** 00200106711283000001 (**Account Name:** NBL Tender/Seal Quotation/Listing)
**Account No.:** 00200106711280000001 (**Account Name.:** NBL BID DEPOSIT ACCOUNT)
For detail information, visit PPMO website **https://www.bolpatra.gov.np/egp/** & bank website: **www.nepalbank.com.np**.

**Council for Technical Education & Vocational Training**
**Thaha Polytechnic Institute**
**Thaha-09, Makawanpur**
**Invitation For Online Bids**
**First Date of publication : 2082-12-20 (April 03, 2026)**

Thaha Polytechnic Intitute (CTEVT), Nepal invites electronic bids from eligible bidders under PPMO's e-GP system **www. bolpatra.gov.np/egp** for following works under National Competitive Bidding system and tender .All other information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp** .

| S. N. | Name of Works | Contract ID. | Estimated Amount (With VAT &PS) | Document Fee (NRS) | Bid Security Amount (NRS) |
|---|---|---|---|---|---|
| 1 | Construction of guard post, gate, compound wall and leveling of ground of Thaha Polytechnic Institute. | *[CTEVT/TPI.Exp/ 082/83-Civil-01]* | 28,37,579/- | 3,000/- | 81,080/- |

**Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.**

**– Principal**

**Itahari Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Itahari, Sunsari**
**Invitation for Bids**
**Date of Publication : 2082/12/20 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites/re-invires NCB and Sealed Quotation (SQ) from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount (without VAT but including PS) NRs. | Bid Price (NRs) | Bid Security Amount (NRs) | Bid Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 49W/082/083 | Construction of a School Building at Shree Shahid Smriti Secondary School, Itahari-18, Sunsari | 48,33,703.60 | 3,000.00 | 1,25,000.00 | 120 days | First Notice (NCB) |
| 2 | ITR/SQ/ 45G/082/083 | Procurement of Printing, Supply and Delivery of Textbook for Class 1-5, Itahari, Sunsari | N/A | 1,000.00 | 40,000.00 | 75 days | Second Notice (SQ) |
| 3 | ITR/SQ/ 47W/082/083 | Construction of Canteen at Janata School, Itahari-9, Sunsari | 17,39,999.56 | 1,000.00 | 45,000.00 | 75 days | Second Notice (SQ) |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at **www.bolpatra.gov.np/egp**.

**Chumnubri Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sirdibas, Gorkha, Gandaki Province, Nepal**
**Invitation for Electronic Bids**
Date of publication: 3rd April, 2026

1. The Chumnubri Rural Municpality, Gorkha invites *electronic* bids from eligible bidders for the Procurement of Works & Goods under National competitive bidding, Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract No. | Project Name | Estimated Cost (With VAT & PS) | Bid Fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | CNRM/GOODS/ SQ/02/2082/83 | Procurement of medicines for basic and emergency health services | **Rs. 12,73,998.93** | Rs. 1,000.00 | Rs. 32,000.00 |
| 2 | CNRM/WORKS/ NCB/11/2082/83 | Upgrading Of Chum Valley Foot Trail | **Rs.97,82,799.09** | Rs. 3,000.00 | Rs. 2,50,000.00 |

2. Bidding Documents is available Online and can be downloaded from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to Deposit Bid Fee and Bid Security**

**For Bid Security**
**Bank Name:** Kumari Bank Limited, Sirdibas Gorkha
**Account Name:** CHUMNUBRI GAUNPALIKA DHARAUTI KHATA GA 3
**Account Number: 0820121789500009**

**For Bid Document Fee**
**Name of the Bank:** Kumari Bank Limited, Sirdibas Gorkha
**Account Name:** CHUMNUBRI GAUNPALIKA AANTARIK RAJASHWO KHATA GA 1.1
**Account no: 0820121789500001**
**Revenue code: 14229**

***Chief Administrative Office***